थलारा गाउँपालिका

स्थानीय राजपत्र

खण्डः १ संख्याः १० मितिः २०७६/०३/१०


**भाग-२**

**थलारा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७६/०३/१० गतेको बैठेकबाट स्वीकृत**

# थलारा गाउँपालिका एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी बनेको कार्यविधि, २०७६

**प्रस्तावना**

थलारा गाउँपालिका अन्तर्गत रहका एकल पुरुष सामाजिक सुरक्षा नागरिकको सामाजिक सुरक्षा र लैङ्गिक समानता सुनिश्चित गर्ने उद्देश्यले थलारा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम थलारा गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "थलारा गाउँपालिका एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले पारित गरि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. “एकल पुरुष” भन्नाले आफ्नो पत्निको मृत्यु पश्चात अर्को विवाह नगरी बसेका पुरुषलाई सम्झनु पर्नेछ ।

ख. “गाउँपालिका” भन्नाले थलारा गाउँपालिका सम्झनु पर्नेछ।

ग. “कार्यालय” भन्नले थलारा गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ।

घ. “वडा कार्यालय” भन्नाले थलारा गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयलाई सम्झनु पर्नेछ।

ङ. “उपाध्यक्ष” भन्नाले थलारा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ।

च. “भत्ता” भन्नाले दफा ३ बमोजिमको रकम सम्झनु पर्नेछ।

**३. एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउनेः** (१) देहायका बमोजिमका नागरिकले मात्र एकल पुरुष भत्ता पाउन योग्य हुनेछ :

क. नेपाली नागरिक,

ख. थलारा गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्ने,

ग. पत्निको मृत्यु भई अर्को विवाह नगरेको,

घ. एकल पुरुषको उमेर कम्तीमा ५० वर्ष हुनुपर्ने ।

**४. एकल पुरुष सामाजिक सुरक्षा भत्ता नपाउने** : दफा (३) बमोजिम योग्यता पुगेका भएतापनि देहाय बमोजिमको नागरिकले यस कार्यविधि बमोजिमको एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने छैनः

क. कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित, मनोनीत भएका नागरिक,

ख. सरकारी कोषबाट निवृत्तिभरण पाइरहेका नागरिक,

ग. प्रचलित कानुन बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लिई रहेका नागरिक वा लिने नागरिक।

**५. भत्ता रकम र वितरण** : (१) एकल पुरुषले मासिक ५००।- का दरले भत्ता पाउने छ।

(२) उपदफा (१) बमोजिमको भत्ता सम्बन्धित वडा कार्यालयबाट भत्ता वितरण गर्ने अधिकारीले अन्य सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा वितरण गरिनेछ।

**६. निवेदन दिनु पर्ने** : (१) दफा (३) बमोजिमको भत्ता पाउने नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसूची १ बमोजिमको निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ देहायको कागजात निवेदकले प्रमाणित गरि संलग्न गर्नुपर्नेछ।

क. नागरिकता प्रमाण-पत्र प्रतिलिपि

ख. पत्निको मृत्यु दर्ता प्रमाण-पत्रको प्रतिलिपि

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा वडा कार्यालयले पन्ध्र दिनभित्र आवश्यक कारबाही गरि निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारबाही गर्दा एकल पुरुष सामाजिक सुरक्षा भत्ता नपाउने देखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(३) उपदफा (३) बमोजिमको कारबाही गर्दा एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने देखिएमा वडा कार्यालयले गाउँपालिकामा सिफारिस गरि पठाउनु पर्नेछ।

**७. परिचयपत्र :** (१) यस कार्यविधि बमोजिम एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने नागरिकलाई थलारा गाउँपालिकाले अनुसूची-२ बमोजिम परिचय पत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र नलिएका नागरिकले एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने छैन ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको परिचय-पत्र हराए वा प्रयोग गर्न नमिल्ने भएमा रु. १००।—प्रतिलिपि दस्तुर संलग्न गरि कार्यालयमा अनुसूची-३ बमोजिमको निवेदन दिई प्रतिलिपि लीन सकिनेछ ।

**८. अभिलेख राख्नु पर्ने :** (१) थलारा गाउँपालिकाले यस कार्यविधि बमोजिम एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने नागरिकको विवरण र वितरण गरिएको एकल पुरुष सामाजिक सुरक्षा भत्ताको अभिलेख अनुसुची-४ बमोजिम राख्नु पर्नेछ ।

(२) वडा कार्यालयले दफा ६ बमोजिम परेको निवेदनको अभिलेख अनुसूची-५ बमोजिम राख्नु पर्नेछ ।

**९. अभिलेखबाट नाम हटाउने :** (१) गाउँपालिकाले देहायको अवस्थामा एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने नागरिकको नाम अभिलेखबाट हटाउनेछः

क. एकल पुरुषले विवाह गरेमा,

ख. बसाइ सरी अन्यत्र गएमा,

ग. प्रचलित कानुन बमोजिम अन्य सुरक्षा भत्ता लिएमा,

घ. मृत्यु भएमा ।

**१०. कसुर र सजायः** (१) कसैले देहायको कार्य गरेमा यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछ :

क. विवरण ढाँटी एकल पुरुष सामाजिक सुरक्षा भत्ता लिएमा,

(२) कसैले उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरि निजलाई बिगो बराबरको जरिवाना हुनेछ ।

**११. अनुगमन सम्बन्धी व्यवस्थाः** (१) एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन उपाध्यक्ष वा निजले तोकेको गाउँपालिकामा कुनै सदस्य वा कर्मचारीले गर्नेछ ।

**१२. प्रतिवेदन दिनु पर्नेः** (१) एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरण वडा कार्यालयले चौमासिक रुपमा गाउँपलिकलाई दिनु पर्नेछ ।

**१३. संशोधनः** (१) गाउँ कार्यपालिका बैठकको निर्णयले यस कार्यविधि संशोधन गर्न सकिने छ ।

**१४. बाधा अड्काउ फुकाउने :** (१) यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

**१५. बचाउः** (१) यस कार्यविधि लागू हुनु भन्दा अगावै कुनै निवेदन सम्बन्धित वडा कार्यालयमा परिसकेको भए यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची १
(दफा ६ को उपदफा १ सँग सम्बन्धित)
नाम दर्ताको लागि दिने निवेदनको ढाँचा

मितिः.......................

श्रीमान् ,अध्यक्ष ज्यू
.... नं वडा कार्यालय
थलारा गाउँपालिका
थलारा, बझाङ

विषयः नाम दर्ता गर्ने सम्बन्धमा ।

म निवेदक थलारा गाउँपालिका एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७६ को दफा ३ बमोजिम भत्ता पाउनका लागि योग्य भएकोले नयाँ नाम दर्ता गरी दिनु हुन देहायको विवरण सहित यो निवेदन पेश गरेको छु ।

**व्यक्तिगत विवरण**

नाम, थर : ...........................................................

बाबु/आमाको नाम र थर ...............................................

जन्म मिति (वि.स) : ..................................................

स्थायी ठेगान : जिल्लाः **बझाङ**, गाउँपालिकाः **थलारा**

वडा नं. .................., टोल/गाउँ .............

ना.प्र.प. नं ........................... जारी मितिः ...................

पत्नीको नाम, थर .........................................................

पत्नीको मृत्यु भएको मितिः ................ मृत्यु दर्ता नं. ..........

फोटो

मृत्यु दर्ता जारी गर्ने निकाय : ........................................

संलग्न कागजात :

१. निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि

२. पत्नीको मृत्यु दर्ताको प्रमाणित प्रतिलिपि

३. फोटो २ प्रति

(मैले राज्यकोष बाट कुनै परिश्रमिक, निवृत्तिभरण, सामाजिक सुरक्षा भत्ता वा यस्तै प्रकारका कुनै अन्य सुविधा पाएको छैन । उल्लिखित व्यहोरा ठीक, साँचो हो, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउला।)

निवेदक

(हस्ताक्षर)

**सम्बन्धित वडा कार्यालयले भर्नेः**

दर्ता नं. ..................  निवेदन रुजु गर्नेको नाम, थर र पद : ............

दर्ता मिति :...................  सहिः............

---

**गाउँ कार्यपालिकाको कार्यालयले भर्ने :**

नाम दर्ता गर्ने निर्णय मिति :................  विवरण भर्नेको नाम, थर र पद :: ..........

परिचय पत्र नं :...............................  सहिः.................

भत्ता पाउने सुरु आ.वा. २०.../......  कार्यालयको छापः

स्थानीय सरकार

थलारा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

थलारा, बझाङ

सुदूरपश्चिम प्रदेश, नेपाल

**एकल पुरुष सामाजिक सुरक्षा परिचय-पत्र**

फोटो

परिचय-पत्र नं. ...........

नाम, थर : ....................................................

नागरिकता प्रमाण-पत्र नं. ................................

ठेगाना : जिल्लाः **बझाङ** गाउँपालिका : **थलारा**

वडा नं : ................, टोल/गाउँ : .................

जन्म मिति (वि.स.): .......................................

बाबुको नाम, थर : .......................................

प्रमाणित गर्ने अधिकारी

दस्तखत :

नाम, थर :

पद :

अनुसूची-३
(दफा ७ को उपदफा ३ संग सम्बन्धित)
प्रतिलिपि पाउ भनि दिने निवेदनको ढाँचा

मितिः.......................

श्रीमान् ,
कार्यालय प्रमुख ज्यू
थलारा गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ

विषयः प्रतिलिपि पाउ भन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदकको एकल पुरुष सामाजिक सुरक्षा भत्ता परिचय-पत्र नं ......... को परिचय-पत्र (हराएको / प्रयोग गर्न नमिल्ने भएको) हुनाले एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधिको दफा ७ को उपदफा (३) बमोजिम प्रतिलिपि दस्तुर निवेदन साथै राखी परिचय-पत्र को प्रतिलिपि पाउ भनि सदर अनुरोध गर्दछु ।

संलग्न कागजातः
( ) १. नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि
( ) २. एकल पुरुषको परिचय-पत्रको प्रमाणित प्रतिलिपि
( ) ३. फोटो १ प्रति
*(संलग्न गरिएको कागजातमा ✔ लगाउने)*

निवेदक
नाम,थर :
पुरा ठेगानाः
सम्पर्क नं.:
हस्ताक्षरः

अनुसूची-४

(दफा ८ को उपदफा १ संग सम्बन्धित)

एकल पुरुष सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको मूल अभिलेख

गाउँपालिकाः थलारा आर्थिक वर्षः .................... किस्ताः .....................

| सि.नं. | परिचयपत्र नं. | नाम | जन्म मिति (वि.स.) | उमेर | वडा नं. | नागरिकता नं | मासिक भत्ता | जम्मा पाउने | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

अनुसूची-५

(दफा ८ को उपदफा २ संग सम्बन्धित)

एकल पुरुष सामाजिक सुरक्षा भत्ता सम्बन्धी निवेदनको अभिलेख

गाउँपालिकाः थलारा वडा नं. .................. आर्थिक वर्षः ....................

| सि.नं. | निवेदन नं. | निवेदकको नाम | निवेदन दर्ता भएको मिति | उमेर | जन्म मिति (वि.स.) | नागरिकता नं र जारी भएको मिति | निवेदन उपर भएको कारवाही | निवेदन उपर भएको कारवाही मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|

आज्ञाले,

पदम बहादुर ओली

नि. प्रमुख प्रशासकीय अधिकृत